# लेकम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रातामाटा,दार्चुला

## लोक सेवा आयोगबाट वैकल्पिक सिफारिस भएका उम्मेदवारहरुलाई सेवा करारको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७९

गाउँ कार्यपालिकाबाट पारित मिति २०७९।१२।२७ गते ।

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**लोक सेवा आयोगबाट वैकल्पिक सिफारिस भएका उमेदवारहरुलाई सेवा करारको पदपुर्ति र सेवा सुबिधा सम्बन्धी मापदण्ड २०७९**

**प्रस्तावना:**

यस स्थानीय तह अन्तर्गत रिक्त रहेका पदमा यथाशिघ्र करारमा कर्मचारी भर्ना गरि कामकाजमा लगाउन करार सेवा सम्बन्धी पदपुर्ति प्रकिया र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले लेकम गाउँपालिका गाउँकार्य पालिकाको मिति २०७९।१२।२७ गतेको १४औ बैठककोबाट यो मापदण्ड स्वीकृत गरि लागु गरिएको छ । यो मापदण्ड गाउँकार्यपालिकाले लोकसेवा आयोग/ प्रदेश लोक सेवा आयोगबाट वैकल्पिक उम्मेदवार सिफारिस भएका मध्येबाट पदपूर्ति गर्ने भनि निर्णय गरेकोले रिक्त दरबन्दी भित्र रही यो मापदण्डले पदपूर्ति गर्न सक्ने छ । प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्ति गरिने भनिएका पदहरुमा यो मापदण्ड लागु हुने छैन।

परिच्छेद १: प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम ***लोक सेवा आयोगबाट वैकल्पिक सिफारिस भएका उमेदवारहरुलाई सेवा करारको पदपुर्ति र सेवा सुबिधा सम्बन्धी मापदण्ड २०७९*** रहको छ ।

(२) यो मापदण्ड गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा:

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले लेकम गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस लेकम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) “समिति” भन्नाले पदपूर्ति समितलाई सम्झनु पर्दछ ।

(ङ) “संयोजक” भन्नाले पदपूर्ति समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(च) “सदस्य” भन्नाले पदपूर्ति समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(छ) “सदस्य सचिव” भन्नाले समितिका सदस्य सचिवलाई सम्झनु पर्दछ ।

परिच्छेद २
सेवा करारको दरवन्दी र पदपूर्ति

**३. समितिको कार्यक्षेत्र:** (१) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको दरवन्दीलाई स्वीकृत दरबन्दी भनि सम्झनु पर्दछ । साथै कुनै कार्यक्रमका लागि उक्त कार्यक्रम लागु हुने बेला सम्म सिर्जना गरिएको अस्थायी दरबन्दी समेतलाई स्वीकृत दरबन्दी भनि सम्झनु पर्ने छ ।

(२) रिक्त दरबन्दी भन्नाले स्वीकृत दरवन्दी पदपूर्ति नभई रिक्त रहेको वा कुनै कारणले रिक्त हुन गई पदपूर्ति नभएको तथा कुनै कार्यक्रमका लागि उक्त कार्यक्रम लागू हुने बेला सम्म सिर्जना गरिएको अस्थायी दरवन्दी सम्झनु पर्दछ ।

राम दत्त जोशी
गा.पा.अध्यक्ष

परिच्छेदः ३

छनौट प्रकिया

**४. पदपूर्ति समिति :** रिक्त दरबन्दी पदपूर्ति गर्न देहायबमोजिमको एक पदपूर्ति समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रशासन शाखा प्रमुख – सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित शाखा प्रमुख – सदस्य सचिव

**५. दरखास्त आह्वान गर्ने:** (१) पदपूर्ति समितिले अनुसूची -१ बमोजिमको ढाचाँमा दश दिनको समय सीमा तोकि दरखास्त आह्वान गर्नु पर्नेछ।

(२) समितिले लोकसेवा आयोग तथा प्रदेश लोक सेवा आयोगबाट सम्बन्धित पद वा सो सरहको पदमा वैकल्पिक उमेदवारका रुपमा सिफारिस भएका उमेदवारलाई मात्र दरखास्त दिन सक्ने गरी दरखास्त आह्वागर्न सक्नेछ। दरखास्त आह्वान को सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्ने छ। दरखास्त संकलन mail को माध्यमबाट हुनेछ। समितिले पालिकाको नाममा एक छुट्टै mail खोली त्यसै मार्फत दरखास्त संकलन गर्न सक्ने छ। समितिले आवश्यक कागजात समेत सोही mail मा उमेदवार सँग माग गर्न सक्ने छ। उम्मेदवारहरु सँग माग्ने विवरण तथा कागजात समितिले तोकेबमोजिम हुनेछ।

**६. दरखास्तको मूल्याङ्कनः** (१) समितिले रितपुर्वक म्याद भित्र परेका निवेदनको आधिकारिकतालाई जाँच गरी उप्त दरखास्त निवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्ने छ। स्वीकृत निवेदन मात्र छनौट प्रक्रियाको दोस्रो चरणमा लगिने छ। देहायबमोजिम दरखास्त निवेदनलाई मूल्याङ्कन गरी उमेदवार सिफारिस गरिने छ।

(क) रितपूर्वक म्याद अवधी भित्र पेश हुन आएका स्वीकृत दरखास्तहरु कुल रिक्त पद बराबर वा कम संख्यामा भएमा समितिले निर्णय गरी सिधै नियुक्तिको लागि सिफारिस गरिने छ।

(ख) कुल रिक्त पद भन्दा बढीको आवेदन परेमा देहायको आधारमा छनौट गरिनेछ।

१. तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत वापत ७० अंक,

२. न्यूनतम भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता वापत १० अंक,

३. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको संगठित संस्थामा सोही सरहको पदको सम्बन्धित सेवा समूह अर्न्तगत काम गरेको अनुभव वापत प्रतिवर्ष ३ अंकका दरले १५ अंक (पुर्ण वर्षको मात्र प्राप्त हुने उदाहरणको लागि एक वर्ष तीन महिना भएमा एक वर्ष बराबरको मात्र अंक प्राप्त हुने, चार वर्ष छ महिना भएमा चार वर्षको मात्र अंक प्राप्त हुने)।

४. लेकम गाउँपालिकाको स्थानीय वासिन्दा भएबापत ५ अंक।

उपदफा (ख) को १ लाई देहायअनुसारको शूत्रको प्रयोग गरी गर्नु पर्ने छ।

न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत *७०
________________________________________
१००

उपदफा (ख) को २ लाई देहायअनुसारको शूत्रको प्रयोग गरी गर्नु पर्ने छ।

न्यूनतम भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत *१०
________________________________________
१००

राम दत्त जोशी

गा.पा. अध्यक्ष

५. समितिले उमेदवारहरुले प्राप्त गरेको अंकको आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने उमेदवारहरुलाई नियुक्तिका लागि सिफारिस गर्नु पर्नेछ।

६. यसरी अंक गणना गर्दा उमेदवारहरुको अंक बराबर भएमा समितिले उमेरले जो ज्येष्ठ छ उसलाई नियुक्तिका लागि सिफारिस गर्नु पर्दछ।

७. सिफारिस भएका उमेदवारलाई सेवा शर्त र सुविधा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतले करार नियुक्ति गरी कामकाज खटाउनु पर्ने छ।

८. यसरी उमेदवारलाई सिफारिस गर्दा एक जनाको दरबन्दी भएकोमा तीन जना वैकल्पिक, दुई जनाको दरबन्दीमा चार जाना वैकल्पिक र तीन जनाको दरबन्दीमा पाचँ जना वैकल्पिक र चार जना र सो भन्दा बढीको दरबन्दीमा छ जना वैकल्पिक सूची समेत प्रकाशन गर्नु पर्ने छ।

९. सिफारिस भएको उम्मेदवार सात दिन भित्र नियुक्ति लिन नआएमा वैकल्पिक सूचीको योग्यताक्रममा सवै भन्दा माथि रहेको उमेदवारलाई समितिले नियुक्तिका लागि सिफारिस गर्न सक्ने छ।

१०. नियुक्त भएको कर्मचारीले कारणवस राजिनामा दिएमा वा अन्य कुनै कारणले पद मुक्त भएमा सुरु नतिजा प्रकाशन भएको मितिले एक वर्ष भित्र वैकल्पिक सूचीको योग्यताक्रममा सवै भन्दा माथि रहेको उमेदवारलाई समितिले नियुक्तिका लागि सिफारिस गर्न सक्ने छ।

११. नेपाल सरकारले सञ्चालन गरेको कार्यक्रमको हकमा यदि कार्यक्रम समाप्त भएमा पदपूर्ति समितिले वैकल्पिक उमेदवारलाई नियुक्तिका लागि सिफारिस गर्ने छैन।

१२. प्रमुख प्रशासककीय अधिकृतले नियुक्ति दिदा आर्थिक वर्ष ननाघ्ने गरी बढीमा छ महिनाको नियुक्ति दिनु पर्ने छ।

१३. कार्य सम्पादन सन्तोषजनक भएमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा छ महिनाको म्याद थप गर्न सक्ने छ।

१४. कार्य सम्पादन मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले गर्ने छ। र साठी प्रतिशत भन्दा अंक प्राप्त गरेमा करार नवीकरण गरिने छैन।

१५. लोक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भइ आएमा करार नियुक्ति स्वत: खारेज हुनेछ। अस्थायी दरबन्दीमा नियुक्त भएका कर्मचारीहरुको कार्यक्रम समाप्त भएपश्चात स्वत: बदर हुनेछ।

राम दत्त जोशी
गा.पा.अध्यक्ष